




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**कोरोनाबाट म यसरी जोगिन्छु**

-मास्क नलगाई कसैसँग भेटघाट र कुरा गर्दिन । कुराकानी गर्नै परे भौतिक दुरी कायम गरी वा सञ्चारका साधन प्रयोग गर्छु ।
-कुनै बस्तु छोएपछि साबुनपानीले हात धुन्छु वा स्यानीटाइजर प्रयोग गर्छु ।
-भिजेको वा ओस लागेको मास्क प्रयोग गर्दिन ।
-एउटै मास्क लामो समयसम्म लगाउँदिन ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क २३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २५ गते शुक्रबार ❑ 10 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## ओली र नेपालसँग एमसीसी उपाध्यक्षको भेट

**रासस**
**काठमाडौं, २४ भदौ**



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग अमेरिकी आर्थिक सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) की उपाध्यक्ष फतिमा सुमारले बिहीबार शिष्टाचार भेट गर्नुभएको छ।

अध्यक्ष ओली निवास बालकोटमा भएको सो भेटमा अमेरिकी अनुदान सम्झौता एमसीसीका बारेमा छलफल भएको थियो । सो भेटमा उपाध्यक्ष सुमारले एमसीसी अनुमोदनको प्रक्रिया अघि बढाउनुपर्छ भन्नेमा अमेरिकी सरकार रहेकाले यसका लागि सघाउन आग्रह गर्नुभएको थियो । पूर्वप्रधानमन्त्री ओलीले आफ्नो पार्टी अहिले प्रतिपक्षमा रहेकाले एमसीसीबारे सरकारको स्पष्ट धारणा नआएसम्म पार्टीले धारणा नबनाउने बताउनुभएको भेटमा सहभागी एमालेका विदेश विभाग प्रमुख राजन भट्टराईले जानकारी दिनुभयो । "अहिलेको सरकार बहुमतमै रहेकाले एमसीसी अनुमोदन गर्ने कि नगर्ने भन्ने बारेमा सरकार पहिला स्पष्ट हुनुपर्छ, अनि एमालेले आफ्नो धारणा बनाउँछ, अहिले एमालेले एमसीसीबारे कुनै धारणा बनाएको छैन" अध्यक्ष ओलीको भनाइ उद्धृत गर्दै भट्टराईले जानकारी दिनुभयो । एमालेको नेतृत्वमा सरकार हुँदा एमसीसी अनुमोदन गर्न प्रयास गरे पनि तत्कालीन सभामुखले संसद्मा पेस नगरीदिँदा अघि बढ्न नसकेको स्मरण गराउँदै अहिले एमाले प्रतिपक्षमा रहेकाले यसमा एमालेको प्रत्यक्ष भूमिका नहुने ओलीले जानकारी गराउनुभएको भट्टराईले बताउनुभयो । बालकोट भेटमा उपाध्यक्ष सुमारसँगै एमसीसीका प्रतिनिधि सहभागी थिए । त्यसैगरी एमालेका तर्फबाट विदेश विभाग प्रमुख भट्टराई, नेता विष्णु रिमाल, सूर्य थापालगायत सहभागी थिए ।

यसै गरी नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले एमसीसीका सम्बन्धमा उठेका नकारात्मक विषयमा नेपाली जनताले थाहा पाउने गरी स्पष्ट पार्न आग्रह गर्नुभएको छ । उहाँले एमसीसीका सम्बन्धमा अनेकन कोणबाट टीकाटिप्पणी भएको र राष्ट्रको हितमा नरहेको भन्ने सन्दर्भमा कुरा उठिरहेकाले थप स्पष्ट पार्न आग्रह गर्नुभएको हो । पूर्वप्रधानमन्त्री समेत रहनु भएका अध्यक्ष नेपालसँग शिष्टाचार भेटका लागि पुग्नुभएका एमसीसीका उपाध्यक्ष फतिमा सुमारलाई उहाँले राष्ट्रहितको विषयलाई केन्द्रमा राखेर नै आफ्नो पार्टीले उपयुक्त निर्णय गर्ने बताउनुभएको थियो । भेटमा सहभागी एकीकृत समाजवादीका नेता गङ्गालाल तुलाधरका अनुसार सो अवसरमा अध्यक्ष नेपालले एमसीसीले उपलब्ध गराउने सहयोग नेपाली जनताको हितमा रहेको छ भन्ने स्पष्ट पार्न विशेष ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले सत्ता गठबन्धनमा रहेका पाँच राजनीतिक दलका बीचमा साझा धारणा बनाएर नै सो बारेमा आवश्यक निर्णय हुने बताउनुभएको थियो । एमसीसी उपाध्यक्षले आफूहरुले उपलब्ध गराउने सहयोगका बारेमा स्पष्ट पार्दै सकारात्मक सहयोगको अपेक्षा गर्नुभएको नेता तुलाधरले जानकारी दिनुभयो । तत्कालिन नेकपाका वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा गठित कार्यदलले एमसीसीका सम्बन्धमा गरेको अध्ययनमा सो सम्झौतामा रहेका केही विषय संशोधन गर्नुपर्ने सुझाव दिइएकोसमेत अध्यक्ष नेपालले स्मरण गर्नुभएको नेता तुलाधारले जानकारी दिनुभयो।

## पोखरा क्षेत्रमा सेतो पुतलीको संक्रमण,बच्न चिकित्सको सुझाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ भदौ**

यस बर्ष पनि पोखरा क्षेत्रमा सेतो पुतली (सापु) को संक्रमण सुरु भएको छ । अघिल्ला बर्ष जस्तै यस बर्ष पनि पोखरा क्षेत्रमा सेतो पुतलीको संक्रमण देखा परेको चिकित्सकहरुले बताएका छन् ।

पोखराको हिमालय आँखा अस्पतालमा हाल सेतो पुतली शंक्रमणको कारण उपतार गर्न आउनेहरुको संख्या बृद्धि हुदै आएको नेत्र रोग विशेषज्ञ डा. इन्द्र महर्जनले बताए । विगत दुई साता देखि पोखरा क्षेत्रमा सेतो पुतलीको संक्रमण देखा परेको उनले बताए । पछिल्लो दुई हप्तामा सेतो पुतलीको झुसका कर्णहरु बिजेका कारण आँखामा पिप समेत परेर शल्यकृया गर्नु परेको उनले जनाए । आँखामा सेतो पुतलीको झुस बिजेर रातो र सुनिएका करिब २० जना बिरामीहरु हिमालय आखाँ अस्पतालमा उपचार गर्न आएको नेत्र विशेषज्ञ डा. महर्जनले जनाए ।

दुई हप्तामा सेतो पुतलीको शंक्रमणबाट अस्पतालमा करिब २० जना आँखाका बिरामीहरु आएको उनले जनाए । प्रायः गरी भदौं र असोज महिनामा देखापर्ने सेतो पुतलीको झुसका कर्णहरु आँखामा पर्न गएमा समयमै उपचार हुन नसके आँखाको ज्योति नै गुम्न सक्ने डा.महर्जनले चेतावनी दिएका छन् ।

खाँखा रातो र सुनिएको अबस्थामा जति सक्दो छिटो आँखा अस्पतालमा गएर उपचार गर्दा निको हुने उनले जनाए । आखाँमा पिप परेको अबस्थामा आखाँमा सुई लगाउने र आखाँको अप्रेसन गर्ने दुई ढंगबाट उपचार गर्न सकिने भएको डा. महर्जनले जनाए । केही समय अघि ५ बर्ष मुनिका बावबालिकाहरुमा सेतो पुतलीको शंक्रमण देखा परे पनि पछिल्लो ५ बर्ष यता सवै उमेर समुहका व्यक्तिमा सेतो पुतलीको शंक्रमण देखा पर्न थालेको उनले जनाए । अस्पतालमा हालसम्म पोखरा सहित बागलुङ र म्याग्दी लगायतबाट आँखाका बिरामीहरु आउने गरेको डा.महर्जनले जनाए । केही बर्ष पहिला एक बर्ष बिरायर मात्र पश्चिम तथा पोखरा क्षेत्रमा देखिन थालेको सेतो पुतली पछिल्ला बर्षबाट देशका धेरै ठाँउमा देखा पर्न थालेको उनले बताए ।

सेतो पुतली संक्रमित भएका बिरामीलाई समयमै वा एक दिन (२४ घण्टा) भित्र उपचार गर्न सम्बन्धित अस्पतालमा पुर्याउन सकेको खण्डमा सुइ, अप्रेशन, औषधि कुनै विधिबाट उपचार सम्भव हुने डा.महर्जनले दाबी गरे । पोखरामा केही बर्ष देखि सेतो




पुतली आतंक जस्तै भएको छ । ५ बर्ष मुनिका बालबालिकाहरुमा सेतो पुतली संक्रमण बढी हुने हुँदा यसबाट जोगाउन उनले आग्रह गरे । सेतो पुतली संक्रमण भएको एक दिन भित्र उपचार गर्न आँखा अस्पतालमा पुगेमा शतप्रतित जसो उपचार गर्न सकिने, दुई दिन पछि जादा ५० प्रतिशत आँखाको ज्योति गुम्ने जोखिम हुने, तेस्रो दिन पछि जादा ९० प्रतिशत जसो जोखिम हुने भएको डा. मर्हजनले जनाए । सेतो पुतली संक्रमणले कालो आँखाको भागमा सेतो देखिनु जहाँ ब्याक्टेरिया समेत देखिने गरेको चिकित्सकले बताएका छन्। उनले भने 'आँखामा एन्टिबायोटिक इन्जेक्सन लगाउँदा आँखामाजमेकोपिपहटाउनरज्योति बचाउन सकिन्छ ।' सेतोपुतलीको रियाक्सनले समयमै उपचार हुन नसके आँखाको रेटिना सहितको भाग नै नष्ट पार्ने डा.महर्जनले दाबी छ । यस्तो संक्रमणबाट बचाउन सबै सरोकारवाला निकाय सजग हुन डा. मर्हजनले आग्रह गरे ।

## नेकपा (एकीकृत समाजवादी) को गण्डकी प्रदेश भेला हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ भदौ**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को यही भदौ २७ गते गण्डकी प्रदेशको भेला पोखरामा हुने भएको छ।

भेलामा प्रदेशअन्तर्गतका जिल्लामा सङ्गठन विस्तारका लागि नयाँ कमिटी गठनसम्बन्धी छलफल गरिने केन्द्रीय सदस्य दिलुकुमारी पन्तले जानकारी दिनुभयो । पार्टीले केशवलाल श्रेष्ठलाई प्रदेश इन्चार्जको जिम्मेवारी प्रदान गरेको छ । यही भदौ २६ गते गोरखा जिल्लामा पनि सङ्गठन विस्तारका लागि बैठक राखिएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट अलग भएर हालै गठन भएको नेकपा (एकीकृत समाजवादी)ले विभिन्न राजनीतिक गतिविधि सञ्चालन गर्न जनवर्गीय सङ्गठन निर्माण गरिरहेको छ।

## गण्डकीमा १७० संक्रमणमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा १७० जना कोरोना संक्रमणमुक्त भएका छन् । यस अवधिमा ९२ संक्रमित थपिएका छन् ।

प्रदेशमा पछिल्लो २४ घण्टामा कोरोना संक्रमणका कारण तीन जनाको मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार मृत्यु हुनेमा बाग्लुङ जिल्लाको बाग्लुङ नगरपालिका-४ की ४४ वर्षीया महिला, स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ की ६६ वर्षीया महिला र पर्वतको पैयुँ गाउँपालिका-२ का ७७ वर्षीय पुरुष छन् । योसँगै प्रदेशमा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या एक हजार ३२३ पुगेको छ । प्रदेशमा सक्रिय संक्रमितको संख्या दुई हजार र होम आइसोलेसनमा एक हजार ८८२ जना रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

## १२७१ संक्रमित, १४ को निधन

**रासस**
**काठमाडौं, २४ भदौ**

कोरोना भाइरसको सङ्क्रमण बिहीबार एकै दिन एक हजार २७१ जनामा देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा ११ हजार ९४४ जनामा परीक्षण गर्दा एक हजार २७१ जनामा सङ्क्रमण देखिएको हो ।

नेपालमा सङ्क्रमणको दर १९.४ प्रतिशत पुगेको । सक्रिय सङ्क्रमित २८ हजार ६७८ जना रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १६ रहेका छन् । भई आज एक हजार ८४५ जना सङ्क्रमणमुक्त भई घर फर्किएका छन् । अहिलेसम्म सात लाख ३५ हजार ६ जना सङ्क्रमणमुक्त भई घर फर्किएका हुन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९४.९ प्रतिशत रहेको छ । सङ्क्रमणबाट विगत २४ घण्टामा १४ जनाको ज्यान गएको छ । अहिलेसम्म १० हजार ९०३ जनाको सङ्क्रमणबाट ज्यान गएको छ । नेपालमा प्रति १० लाखमा ३६७.५ जनाको सङ्क्रमणको कारणले निधन हुने गरेको छ । हाल चार सय ५८ जना सघन उपचार कक्ष, १३९ जना भेन्टिलेटर, २६ हजार ८८६ जना होमआइसोलेशन, एक हजार ७९२ जना संस्थागत आइसोलेशन र २६१ जना क्वारेन्टिनमा रहेका छन् । नेपालमा आज ९२ हजार १६९ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ५७ लाख २९ हजार ७८९ जनाले पहिलो मात्रा र ५१ लाख दुई हजार २४४ जनाले पूर्णमात्राको खोप लगाइसकेका छन ।

## ७५३ वटै स्थानीय तहमा सुरु भयो विद्युतीय भुक्तानी प्रणाली

**रासस**
**काठमाडौं, २४ भदौ**

देशभरका ७५३ वटै स्थानीय तहमा विद्युतीय माध्यमबाट वास्तविक समयामा नै भुक्तानी तथा लेखाङ्कन प्रणालीको शुरुआत् भएको छ ।

महालेखा नियन्त्रक सुमनराज अर्यालले बिहीबार स्थानीय तहको भुक्तानी प्रणालीको शुरुआत् गर्नुभयो ।स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत भुक्तानी प्रणालीको शुरुआत् गर्नुहुँदै महालेखा नियन्त्रक अर्यालले राष्ट्रको एकीकृत लेखा राख्ने निकाय महालेखा कार्यालय भएकाले छिटो छरितो, भरपर्दो र विश्वसनीय लेखाङ्कन र प्रतिवेदनका लागि महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । उहाँले शासकीय संयन्त्रमा सूचना प्रविधिको महत्वपूर्ण भूमिका रहने हुँदा कर्मचारीको क्षमता विकासमा विशेष पहल गरिने उल्लेख गर्नुभयो ।सो प्रणालीको विकासले स्थानीय तहमा पारदर्शिता, सुशासन, वित्तीय अनुशासन र उत्तरदायित्व कायम गर्न थप बल पुग्नेछ । चेकबाट गरिने कारोबारभन्दा विद्युतीय कोष हस्तान्तरणबाट छिटोछरितो भुक्तानी हुनेछ । चेक क्लीयरिङलगायत बढी समय लाग्ने अवस्थाको अन्त्य हुने, चेक कारोबारबाट भुक्तानीको लागि गर्नुपर्ने प्रक्रियागत झन्झट हट्ने र कम जनशक्तिबाट प्रभावकारी सेवा प्रदान गर्न सहज हुने विश्वास लिइएको महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता ज्ञानेन्द्र पौडेलले जानकारी दिनुभयो ।




# कांग्रेस प्रवक्ता शर्माद्वारा महामन्त्री पदमा उम्मेद्वारी घोषणा

**रासस**
**काठमाडौं, २४ भदौ**

नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले पार्टीको १४औँ महाधिवेशनमा महामन्त्री पदमा उम्मेद्वारी दिने घोषणा गर्नुभएको छ।

कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको १०८औँ जन्मजयन्तीका अवसरमा तत्कालीन सुन्दरीजल बन्दीगृहमा आज आयोजित विशेष कार्यक्रममा उहाँले बीपीको सपना पूरा गर्न महामन्त्री पदमा उम्मेद्वारी दिन लागेको बताउनुभयो । '१५ वर्षभित्रसबैनेपालीलाईआफूजस्तै मध्यमस्तरको जीवनशैली यापन



गर्न सक्ने हैसियतको बनाउने बीपीको दृष्टिकोण अझै पूरा हुन सकेको छैन, यो सपना पूरा गर्न मैले उम्मेद्वारी दिने घोषणा गरेको हुँ', उहाँले भन्नुभयो। विसं २०१६ जेठ १३ गते प्रधानमन्त्री नियुक्त भएपछि बीपीले १५ वर्षभित्रमा गर्छु भनेको काम राजा महेन्द्रले सुरु गरेको पञ्चायती व्यवस्थाले ३० वर्षसम्म पनि गर्न नसकेको नेता शर्माले बताउनुभयो। आफू महामन्त्री भएर पार्टीलाई तीनवटा निर्वाचन जिताई बीपीको सपना पूरा गर्ने उहाँको प्रतिबद्धता छ। पार्टीमा युवा पुस्ता ऊर्जाका साथ नेतृत्वमा अघि बढेकाले बीपीको सपना पूरा गर्न सकिने प्रवक्ता शर्माले बताउनुभयो। बीपीले दुई तिहाइ सरकारको कमीकमजोरी लेख्न सञ्चारमाध्यमलाई निश्चित बजेट व्यवस्थापन गरेर पत्रकारिता क्षेत्रको सम्मान गरेको परम्परालाई कांग्रेसले निरन्तरता दिने उहाँको भनाइ छ। विसं २०१७ पुस १ गते जननिर्वाचित सरकार अपदस्थ गरी बीपी, गणेशमान, कृष्णप्रसाद भट्टराईलगायत नेतालाई लामो समय थुनेको तत्कालीन सुन्दरीजल बन्दीगृह हालको बीपी सङ्ग्रहालय पुगेर नेता शर्माले उम्मेद्वारी घोषणा गर्नुभएको हो। उम्मेद्वारी घोषणा लगत्तै उहाँले बिपी, गणेशमान, किसुनजी, रामनारायण मिश्र, योगेन्द्रमान शेरचन, दिवानसिंह राईलगायत योद्धाको शालिकमा माल्यार्पण गर्नुभयो । बन्दीगृहमा बीपीले रोप्नुभएको कपुरको रुखमा जल सिञ्चन गरी उहाँले सङ्ग्रहालय परिसरमा रुद्राक्षको बिरुवासमेत रोप्नुभएको छ। कार्यक्रममा कांग्रेस काठमाडौँ क्षेत्र नं ३ का सभापति एवं गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसे, सङ्ग्रहालय समितिका अध्यक्ष परशुराम पोखरेललगायतले बीपीको सपना पूरा गर्ने नेतृत्वलाई १४औँ महाधिवेशनमा जिताउने प्रतिबद्धता जनाउनुभएको थियो।

# नेपाल सरकारलाई एमसीसीको जवाफ- कुनै सैन्य रणनीति होइन

**रासस**
**काठमाडौं, २४ भदौ**

अमेरिकी सहयोग परियोजना (एमसीसी) ले यस आयोजनामा कुनै सैन्य गठबन्धनको कुरा नरहेको स्पष्ट गरेको छ।

नेपाल सरकारले हालै सो परियोजनालाई सोधेका सबै प्रश्नको जवाफ दिँदै एमसीसीको 'डिपार्टमेन्ट अफ कम्प्याक्ट अपरेसन्स्' की उपाध्यक्ष फातेमा जे सुमारले अर्थमन्त्री जनार्दन शर्मालाई सम्बोधन गरेर सो जवाफ दिनुभएको हो। उहाँले मन्त्री शर्मालाई पत्र लेख्दै एमसीसीभित्र कुनै लुकेको एजेन्डा नभएको स्पष्ट गर्दै यसबारेमा नेपालमा गलत हल्ला मात्र फैलाइएको बताउनुभएको छ। उक्त परियोजनाले नेपाल सरकारलाई पठाएको जवाफमा नेपाललाई गर्न लागेको सहयोग सैन्य क्षेत्रसँग सम्बन्धित नभएको स्पष्ट गरेको हो । साथै बिनाअवरोध निर्धारित समयमा कार्यान्वयन होस् भनेर संसदबाट पारित गर्ने व्यवस्था राखिएको र एमसिसी सम्झौताभन्दा नेपालको संविधान माथि रहेको बताइएको छ । त्यसैगरी उक्त परियोजनाका लागि प्रयोग हुने जग्गामा पनि नेपाल सरकारको स्वामित्व कायम हुने उक्त पत्रमार्फत् स्पष्ट गरिएको छ। केही दिनमात्र अघि नेपालले सोधेका प्रश्नको जवाफ दिँदै पत्रमा एमसीसी नेपालमा प्रचार भएजस्तो हिन्द प्रशान्त रणनीति रणनीतिअन्तर्गत नभएको पनि उल्लेख गरिएको छ।

सो जवाफमा भनिएको छ- ' एमसिसी कम्प्याक्ट हिन्द-प्रशान्त रणनीति मातहतको सम्झौता होइन। एमसीसी कम्प्याक्टहरू एमसीसी र साझेदार सरकारबीचका सम्झौता हुन् । अमेरिका र नेपालबीचको सम्बन्ध हिन्द-प्रशान्त रणनीतिभन्दा धेरै अघिदेखिको हो।' एमसीसीले पठाएको उक्त जवाफमा यस सम्झौता नेपालको संविधानभन्दा माथि नरहेको र सहयोग लिने विषयमा नेपाल स्वतन्त्र रहेको पनि स्पष्ट गरिएको छ। नेपाल सरकारलाई पठाइएको सो जवाफमा एमसीसीले भनेको छ 'नेपालको संविधान एमसीसी नेपाल कम्प्याक्टभन्दा माथि छ । सबै एमसीसी साझेदार देशहरुसँग सम्पन्न भएका एमसीसी कम्पयाक्ट अन्तराष्ट्रिय कानुनका सिद्धान्तहरुद्वारा निर्देशित अन्तर र्ष्ट्रिय सम्झौताहरु हुन्।'

जवाफमा एमसीसीलाई लागू हुने अमेरिकी कानुनले कुनै पनि सैन्य प्रयोजनका निम्ति अनुदान कोषको प्रयोग गर्नबाट एमसीसीलाई निषेध गरेको उल्लेख छ । यो कानुनी बन्देजका बारेमा पनि कम्प्याक्ट स्पष्ट रहेको र यस कम्प्याक्ट र कुनै सैन्य गठबन्धन वा सुरक्षा रणनीतिका बीचमा कुनै पनि सम्बन्ध नरहेको पनि सो पत्रमार्फत् स्पष्ट गरिएको छ। त्यसैगरी नेपाल सरकारलाई पठाइएको सो पत्रमा कम्प्याक्टका लागि योग्य ठहऱ्याई साझेदार चयन गर्ने एमसीसीको प्रक्रिया वैधानिक रूपमा निर्धारित मापदण्डहरूमा आधारित भएको दाबी पनि एमसीसीले गरेको छ।

सो पत्रमा भनिएको छ- 'यसमा सैन्य पक्ष समावेश हुँदैन। एमसीसीको सञ्चालक समितिबाट कुनै पनि देश छनौटका लागि योग्य हुन विश्व बैंकद्वारा न्यून आय वा न्यून-मध्यम आय भएको देशका रूपमा वर्गीकृत भएको हुनुपर्छ र न्यायसंगत र लोकतान्त्रिक शासन, आर्थिक स्वतन्त्रतामा आधारित एमसीसीको वार्षिक सूचकाङ्कको स्कोर कार्डमा उत्तीर्ण हुनुपर्दछ।'

# फूलबारीका स्थानीय यूवाहरुद्वारा शितली प्रतिक्षालय र चौतारा निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ भदौ**

पोखरा फूलबारी ११का स्थानिय समाजसेवी यूवाहरुको सक्रियतामा फूलबारीमार्ग स्थित फूलबारी चोकमा शितली प्रतिक्षालय निर्माण गरेका छन।

पैदलयात्रीहरुलाई घामपानीबाट बच्न, बुद्धबुद्धाहरुलाई आरामगर्न तथा अन्य यातायातका सवारी कुने यात्रीका लागि प्रतिक्षालयको आवश्यकता महसुस भएको हुदाँ स्थानिय यूवा ब्यबसायीसाथीहरु मिलेर कूल ८० हजार लागतमा प्रतिक्षालय तथा चौतारा निर्माण गरिएको निर्माण समितीका संयोजक नारायणप्रसाद बाँस्तोला(राजु)ले बताउनु भयो।

प्रतिक्षालय निर्माण समितिका सहसंयोजक यूवा ब्यबसायी गणेश कार्कीले यस कार्यले गर्दा आफूहरुलाई गौरब महसुस भएकोतथा स्थानियहरुको सकरात्मक



प्रतिक्रिया आएकाले अब चाडै नै वडा कार्यालय ११संग आबश्यक समन्वय गरी अन्य सार्बजनिक स्थलहरुमा हरित उद्यान, आराम गृह लगायतका निर्माण कार्यहरु गर्न प्रेरणा मिलेको बताउनुभयो।

त्यसैगरि निमार्ण गरिएको प्रतिक्षालयमा सफा पिउनेपानीको समेत ब्यबस्था गरिएको र यथासक्य चाडो प्रतिक्षालय छेउमा सुन्दरपार्क तथा टेबल टेनिस कोर्ट समेत निर्माण गर्ने योजना आफूहरुसँग रहेको होमसेन्टर फूलबारीका यूवा ब्यबसायी शिबराज पौडेलले बताएका छन।

# नेकपा (एकीकृत समाजवादी) को गण्डकी प्रदेश भेला हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ भदौ**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को यही भदौ २७ गते गण्डकी प्रदेशको भेला पोखरामा हुने भएको छ।

भेलामा प्रदेशअन्तर्गतका जिल्लामा सङ्गठन विस्तारका लागि नयाँ कमिटी गठनसम्बन्धी छलफल गरिने केन्द्रीय सदस्य दिलुकुमारी पन्तले जानकारी दिनुभयो।

पार्टीले केशवलाल श्रेष्ठलाई प्रदेश इन्चार्जको जिम्मेवारी प्रदान गरेको छ। यही भदौ २६ गते गोरखा जिल्लामा पनि सङ्गठन विस्तारका लागि बैठक राखिएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट अलग भएर हालै गठन भएको नेकपा (एकीकृत समाजवादी)ले विभिन्न राजनीतिक गतिविधि सञ्चालन गर्न जनवर्गीय सङ्गठन निर्माण गरिरहेको छ।


**रक्तदान जीवनदान**

**जीवनदान महादान**


# सत्तारूढ गठबन्धनका नेताबीच छलफल

**रासस**
**काठमाडौं, २४ भदौ**

सत्तारूढ पाँच दलीय गठबन्धनले मुलुकको पछिल्लो समसामयिक राजनीतिक अवस्थाबारे समीक्षा गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार अपराह्न भएको बैठकमा मन्त्रिपरिषद् विस्तार, मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजना तथा बुधबारदेखि सुरु भएको संसद्लाई कसरी प्रभावकारी बनाउने भन्नेबारेमा विचार विमर्श भएको बुझिएको छ । बैठकमा प्रधानमन्त्रीसमेत रहनुभएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मन्त्रिपरिषद् लाई चाँडै पूर्णता दिनुपर्ने धारणा राख्नुभएको थियो । प्रधानमन्त्री देउवालाई पार्टीभित्रैबाट पनि छिटो मन्त्रिपरिषद् विस्तार गर्न दबाब रहेको बताइन्छ।

बैठकमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाललगायत गठबन्धनका अन्य नेताहरुको सहभागिता थियो । बैठकमा विपक्षी नेकपा (एमाले) ले संसद् अवरुद्ध गरेपछिको अवस्थाबारे पनि समीक्षा भएको बैठकमा सहभागी एक नेताले बताउनुभयो। यसअघि ललितपुरको हात्तीवनमा गठबन्धनका घटक शीर्ष नेताहरुबीच समसामयिक विषयमा छलफल भएको थियो । उक्त बैठकमा माओवादी केन्द्रका अध्यक्ष दाहाल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादव सहभागी हुनुहुन्थ्यो।






# कोरोना प्रभावित पर्यटन क्षेत्रलाई थप हर्जना नलगाऊ

**रासस**
**काठमाडौं, २४ भदौ**

नेपाल राष्ट्र बैंकले कोरोनाबाट अति प्रभावित पर्यटन क्षेत्रका व्यवसायीलाई थप हर्जना वा पेनाल ब्याज नलगाउन निर्देशन दिएको छ।

केन्द्रीय बैंकले बिहीबार एक निर्देशिका जारी गर्दै कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमध्ये होटल, ट्राभल, ट्रेकिङ र हवाई सेवा जस्ता बाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायीलाई परेको असरको मूल्याङ्कन गरिएको जनाएको छ । सोही मूल्याङ्कन अनुसार २०७९ असार मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई छुट्टै हिसाब राखी दुई वर्षसम्म कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउन भनिएको छ । त्यस्तो ब्याजलाई पूँजीकरण गर्न नपाइने र थप हर्जनासमेत नलाग्ने व्यवस्था गर्न क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिइएको छ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकालका अनुसार ट्रष्ट रिसिष्ट कर्जा, बिल्स डिस्काउन्टिङ वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम ९० दिनको अवधिका लागि मात्र प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**

**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# संसदलाई मजाक नबनाऊ

बुधबारदेखि शुरु भएको संसद्को अधिवेशन प्रमुख प्रतिपक्षी नेकपा (एमाले) आक्रामक रुपमा पेश भएको छ । सभामुख अग्नि प्रसाद सापकोटाले एमाले विभाजन गराउन सहयोगी भएको भन्दै एमाले आक्रोशित देखिएको छापहिलो दिनमै एमालेको नाराबाजी बीचमा राजनीतिक दल विभाजन गर्ने अध्यादेश पेश गर्न गृहमन्त्री बालकृष्ण खाँडलाई दिएर सदन सहजरूपमा चल्न नसक्ने देखिन्छ । सदनमा विपक्षीलाई विश्वासमा लिनु भन्दा असन्तुलित रुपमा सभामुखको प्रस्तुतिले निस्पक्षता प्रश्न उठेको छ ।

सभामुखले गर्ने निर्णय सबै दलप्रति समान हुनुपर्ने हो । जनता समाजवादी पार्टी, नेकपा (माओवादी केन्द्र )ले गरेको सांसद हटाउने निर्णय तत्काल गर्ने सभामुखले एमालेको हकमा फरक ब्यवहार गरेका कारण पार्टी विभाजन गराउन सहयोगी भएको आशंका जन्माएको छ । लामो समयपछि विपक्षमा पुगेको एमालेले आक्रामक शैली देखाए पनि अप्रिय अवस्था आएको छैन ।विगतमा माओवादीले अर्थमन्त्री सुरेन्द्र पाण्डेमाथि गरेको जस्तो व्यवहार र फागुन २३ गते कांग्रेसले रोष्टम घेराउ गर्दा सभामुख सापकोटाको व्यवहारले निस्पक्ष हुन नसकेको छर्लङ्ग पारेको छासंसद्को सबैभन्दा ठूलो दल एमाले विरुद्ध प्रस्तुत हुनु सभामुखको अयोग्यता हो ।सदन कसरी चलाउनुपर्छ भनेर एमालेलाई सिकाउछौं भन्ने काङ्ग्रेसले सदनलाई मुठभेडको थलो बनाउने सन्देश दिएको छ ।

लामो समय संसदीय अभ्यास गर्दै आएको काङ्ग्रेसले सदनलाई खेलौना बनाउन थालेको छा अहिले शुरु भएको अधिवेशन वर्षे हो कि हिउँदे ? दुनियाँमा यो शैलीमा संसदीय अभ्यास गरिदैन । भन्न चाहिँ नवौं अधिवेशन भनिएको छ । चौबीस दिनअघि आठौं अविधेशन अन्त्य भएको थियो । फेरि मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान भएसँगै अनेकन् प्रश्न उब्जिएका छन् । सत्ताधारी ,विपक्षीले यस्को जवाफ दिएका छैनन् । जब संघीय संसद्कै अधिवेशन वर्षे हो कि हिउँदे भनी खुट्याउन नसकिने परिस्थिति बन्छ, तब देशमा संविधान, संसदीय व्यवस्था, अभ्यास, पद्धतिको हालतको के हुन्छ ? यस्तो 'अराजकता' त विश्वका संसदीय व्यवस्था अपनाएका मुलुकमा सायदै देखिन्छ होला ।

संसदीय व्यवस्था विधि-विधानका आधारमा मात्र नभई अभ्यासमा पनि आधारित हुन्छ । अझ संसदीय अभ्यासभित्र 'समय' पनि महत्वपूर्ण मानिन्छ । अनि विश्वमा जहाँ संसदीय पद्धति चलेका छन्, त्यहाँ विधि-पद्धति र समयलाई आधार मान्दै चलेका हुन्छन् । जहाँ शासकलाई जतिखेर मन लाग्यो, त्यतिखेर अधिवेशन बोलाइने, अन्त्य गर्ने मान्यता हुँदैन । अनि अधिवेशन अन्त्य भएकै भोलिपल्टै अध्यादेश जारी गर्ने त कल्पना पनि गर्न सकिँदैन । संसद् छल्दै अध्यादेश जारी गर्ने र त्यही अध्यादेशका आधारमा शासकीय निर्णय लिने दुष्कर्म नियन्त्रण नहुने हो भने मुलुकले त्यसको गतिलै मूल्य चुकाउनुपर्नेछ । नेपाली उखान 'बुढी मरि भनेर नरुनु , काल पल्क्यो' भनेर रुनु भने जस्तो अहिलेको अवस्था छ । संसदीय मुल्य, मान्यता र मर्यादाको पाठ सिकाउने सत्ताधारी दल, प्रमुख विपक्षी र सभामुखले जनतालाई वेवकुफ बनाउने हो भने यो प्रणाली नरुचाउनेलाई सघाउनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : शारीरिक झमेला |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दुःख भुलाउने हिजोको तीज

–जमुना वर्षा शर्मा
पोखरा, २४ भदौ (रासस)



"ओहो ! तीज आउनुभन्दा महिना दिन अघिदेखि माइत जाने हुटहुटी हुन्थ्यो । माइतीबाट लिन को आउनुहोला भनेर मनमा बेग्लै उत्साह हुन्थ्यो । घरको काम पनि कति छिटो-छिटो गरिन्थ्यो त्यतिबेला", पोखरा महानगरपालिका-६ की ७३ वर्षीया जसोदा पराजुली आफ्नो समयको तीजलाई स्मरण गर्दै भन्नुभयो ।

पराजुली ११ वर्षको उमेरमा ४५ वर्षका पुरुषसँग वैवाहिक सम्बन्धमा जोडिनुभयो । तर उहाँको उमेर २५ वर्ष हुँदै श्रीमान्को निधन भयो । उतिबेला उमेरभन्दा पनि सम्पत्ति र इज्जत हेरेर विवाह गर्ने चलन भएको उहाँ बताउनुहुन्छ । उहाँको माइती स्याङ्जा सेतीखोला । सात दिदीबहिनी, दुई दाजुभाइमध्ये साइली छोरी पराजुली तीज सम्झँदै भन्नुहुन्छ, "धेरै दिदीबहिनी थियौं, दाजुभाइ विदेश थिए, बाबाले लिन आउन सबैलाई भ्याउनु हुँदैनथ्यो अनि मान्छे खोजेर कृष्णाष्टमीदेखि पालैपालै सबै दिदीबहिनीलाई लिन पठाउनुहुन्थ्यो । फेरि उबेला तीजमा लिन नआइ माइत जाने चलन पनि थिएन ।"

पराजुली भन्नुहुन्छ, "माइत पुगेर कहिले मनमा भएको पीर पोखम्ला । आमाले पकाएको दर खाम्ला भनेर मन त्यसै रमाउँथ्यो ।" तीजमा खाने दरबारे उहाँ भन्नुहुन्छ, "तामा गाभा, घिरौंला, चिचिन्डा काँक्राको अचार हुन्थ्यो । औंसीपछि जुठो हुन्छ भनेर मासु खाइँदैनथ्यो । अनदी र झिनुवाको चामल छड्को चलेपछि छोप्ने बेला भएमा मगमग बसाउँथ्यो । आरीमा चामल भिजाएर, कसौडीमा घिउ राखेर चामल ओइरिएर फरक्क-फरक्क भुटेर छोप्दै पकाउँदै गरी तयार पारेको भातको स्वाद आजभोलि कहाँ पाउनु ?", उहाँ सम्झनुहुन्छ । त्यसरी पकाएको खानेकुरालाई पिँढीमा सबै जम्मा भएर आमाले पकाएको खाजा बरिलै भन्दै खाँदै नाच्दै गरेको स्मरण गर्नुभयो । "रातिको १२ बजेसम्म पनि दर भनेर खिर खाइन्थ्यो र भोलिपल्ट हरितालिका पूजा गर्ने भएकाले पूरा निराहार बसिन्थ्यो ।"

व्रतको भोलिपल्ट बिहान पार्वतीको पूजा गरेर हलोले जोतेको खाने भनेर एक छाक चोखो खान खाने चलन थियो । खोला पँधेरामा बिहानै पञ्चमी स्नान गरेर पूजा गर्दाका बिर्सन नसक्ने क्षण पनि उहाँसँग छन् । "वर्ष दिनको घरको दुःख पीडा माइती पुगेर साथीसङ्गीसँग बसेर पोख्दाको आनन्द बेग्लै हुन्थ्यो । कसका कति छोराछोरी भए, घरकाले कति माया गर्छन्, श्रीमान् कस्ता छन् भन्ने कुरा साथीसँग साट्थ्यौं, कसैले सुखका कुरा गर्थे, कसैले घरमा पाएको दुःख सम्झँदै भक्कानिन्थे", उहाँ सम्झनुहुन्छ, "छोरीको कर्म यस्तै हो भन्दै मन बुझाउँदै नाचगान गर्थ्यौं, दुःख भुल्थ्यौं ।" उहाँले अहिलेजस्तो आमा औंसी, बा औंसी भन्ने त्यस समयमा चलन पनि नभएको र तीज मात्र माइत जाने एउटा अवसर रहेको उहाँले बताउनुभयो ।

त्यस समयमा खोलामा पुल नहुँदा, यातायातको सुविधा नहुँदा, खोला तरेर आउनुपर्दा र लगातार पर्ने झरीले मन अमिलो बनाउने गरेका अनुभव पनि छन् । पञ्चमीको भोलिपल्ट माइतबाट घर आउँदा कोसेली लिएर आउनुपर्थ्यो, कुराउनी र रोटी बोकेर सबैलाई दिँदै ढोग्नुपर्ने चलन रहेको पनि उहाँले सुनाउनुभयो । विवाहपछि लेकसाइडवासी बन्नुभएकी पराजुली उतिबेला माइत जाँदा गाएको गीत यसरी स्मरण गर्नुहुन्छः

"झिनुवा खाजा दुनामा राखी,
ढिकुर चरीले खाला भनेर"

"तालपारिको पाइमा दिनुभयो
बाबा, बैदामे तालले लाला भनेर"

"ढलाकी आमे कतले माछा,
सुलुक्क आउने चुचे बाम"

"बैदामे तालको ढलफलाउँदा
डुङ्गा, ढलक्कै ढल्के मोरिजाम"

बागलुङ नगरापालिका-३ की ६५ वर्षीया बालकुमारी पौडेल तत्कालीन समयमा सानै उमेरमा विवाह हुने र माइतीसँग भेट हुने पर्वको रूपमा तीज महत्वपूर्ण चाडको रूपमा रहेको बताउनुहुन्छ । "विवाह भनेको के हो भन्ने नै थाहा नभएको समयमा सात वर्षको उमेरमा २६ वर्षको पुरुषसँग विवाह भएको त्यो कठिन समयमा माइत जान पाउँदा निकै खुशी लाग्थ्यो", उहाँले सुनाउनुभयो । सानैमा बुवाआमा गुमाएर आमाबुवाको मायाममताबाट टाढिनुपर्दाको त्यो क्षण र दाजु लिन आउँदा दाजुको बुइँ चढेर माइत आएको क्षणहरू अहिले पनि उहाँलाई झल्झली याद आउँछ । "म आफू सानो हुँदा मिठो खाने पर्वको रूपमा र उमेर बढ्दै जाँदा दुःख बिसाउने पर्वको रूपमा मनाउन बुझ्न थालेँ, कति तीजमा माइत जान पाइएन सासूले चाम्रे पकाएर खुवाएका याद छ ।" तीजमा गाउँघरका दिदीबहिनी जम्मा हुने नाच्दै गाउँदै नजिकका मठमन्दिर पूजा गर्ने र खुला चौरमा गएर रातो पहिरन लगाएर नाच्ने गरेको बताउँदै त्यतिबेला गाउने गीतको भाका सुनाउनुभयो ।

"शिर लाउने शिरफूल
कालिकालाई चढाउँला,
रक्षे गर कालिका तिम्रो सेवा
हाम्ले गराउँला"

"बाबाजिका दैला मुनि गुर्दौली
फूल फुल्यो,
टिपौं केरे बरिलै सुनको
थालीमा"

"धर्मकर्म गरदियौं त स्वर्ग लोक
तर्दियौ,
भूल्यौ केरे संसार मयाजालैमा"

उहाँले त्यस समय पुरुषले बहुविवाह गरेर सौता सौता नबोल्दा पनि गीतबाट बोलचालको प्रयास गरिने सन्दर्भको गीत पनि यसरी सुनाउनुभयोः

"प्रभुलाई लायो सकसको
व्यथा,
बोलन दिदी रामै राम" (बहिनी)

"शिरमा सिन्दुर लाइन, पाउको
जल खाइन,
बोल्दिन बहिनी रामै राम"
(दिदी) ।

तनहुँ का ढोरफिर्दिकी जमुना भुजेलेको पनि १७ वर्षको उमेरमा पोखरा-६ गौरीघाटका भीमसेन भुजेलसँग विवाह भयो । अहिले ५७ वर्षीया भुजेल पनि आफ्नो पालाको तीजको रौनक र महत्व बेग्लै भएको सुनाउनुहुन्छ । "तीज नजिकिँदै गर्दा घरका काम छिटोछिटो सकेर माइत जाने दिनको पर्खाइ हुन्थ्यो । तीजको बेला काम गर्दा कत्ति पनि अल्छि लाग्दैनथ्यो । जिन्दगी बिताउने घरभन्दा दुई दिन जाने माइती घर कति प्यारो लाग्थ्यो", भुजेल भन्नुहुन्छ, "माइत जाने भनेपछि मन त्यसै फुरुक्क हुन्थ्यो, सगरमाथा चढेजस्तै खुशी मिल्थ्यो", सहज थिएन, तीज नै एउटा अवसर थियो, वर्षभरि घरमा दुःख गरेर, दुई/चार दिन माइत जाँदा सबै दुःख भुलिन्थ्यो ।

दुई दाजुभाइ तीन दिदीबहिनीमा कान्छी भुजेल तीजमा सबै जना आएर नाच्ने रमाइलो गर्न आँगनभरि दुःख बेदनाको गीत गाउँदै रमाइलो गर्दाका पलहरू निकै रमाइलो लाग्ने गरेको सुनाउनुहुन्छ ।

"आमाले घरमा दुःख गरेका छोरीहरू, चिसो लागेको हुन्छ भन्दै, पाखुराबाट घिउ चुहिने गरी खाजा पकाएर खुवाउनुहुन्थ्यो । खाजा खान्थ्यौं गाउँतिर डुल्न जान्थ्यौं, साथीसङ्गी जम्मा हुन्थ्यौं, नाच्थ्यौं, दुःखसुखका कुरा साटासाट गर्थ्यौं ।"

"खिर, तामा, काँक्राको अचार, घिरौलाको तरकारी, चाम्रे भात साह्रै स्वादिलो हुन्थ्यो," बाबाले पकाएर दिएको घिरौलाको तरकारी कहिल्यै बिर्सन नसक्ने उहाँले बताउनुभयो ।

तत्कालीन समयमा सासू, ससुरा, नन्द, अमाजु, श्रीमान्ले गर्ने व्यवहारलाई गीतको माध्यमबाट पोख्ने चलन रहेको उहाँले सुनाउनुभयो । यससँगै देशको राजनीतिक अवस्था हत्या हिंसा अपराधका घटनालाई पनि गीतको माध्यमबाट प्रस्तुत गर्ने गरिन्थ्यो । तत्कालीन समयको राजनीतिक अवस्थाबारे गाएको गीत सम्झँदै उहाँले भन्नुभयो ।

"क को अक्षर नचिन्नेले मन्त्रीको सिट खाए, यिनै अत्याचारीले जनता पिटाए"

"हेटौंडा मान्छे मारे गाड्न लगे चितवन, कठै तिनले पाएनन् जीवन बिताउन ।" तत्कालीन समयमा विभिन्न ठाउँका तीज गीत गाएर रातो अविर र पुरस्कार पाएको पल पनि उहाँले स्मरण गर्नुभयो । "नयाँ लुगा लगाउन र मिठो खान तीजलगायतका पर्वको पखाइमा रहनुपर्थ्यो, तीज कहिले आउला भने जस्तो हुन्थ्यो, अहिले त्यस्तो समय छैन, दर पनि टिकट काटेर पार्टी प्यालेसमा मनाउन थालिएको छ, तीजका गीत पनि सुन्नै नसकिने आउन थाले ।" उहाँले चाडवाडहरू शहरमा भन्दा गाउँमा रमाइलो हुने बताउनुभयो ।

लोक भाका संरक्षण संवर्द्धन गर्दै विसं २०४५ देखि निरन्तर लोकगीत सङ्गीतको संरक्षणमा सक्रिय प्राज्ञ एवं लोकगायिका हरिदेवी कोइराला तत्कालीन समयमा महिलाले घरपरिवारबाट भोग्नुपरेका दुःखपीडालाई माइतीको आँगनमा पुगेर गीतको माध्यमबाट पोख्ने गरेको बताउनुभयो । उहाँका अनुसार उक्त समयमा पत्रपत्रिकार र रेडियोको पहुँच कम हुँदा तीजका गीतले सन्देश बाहकको काम गर्दथे, सामाजिक विकृति र विसङ्गति, राजनीतिक अवस्थालाई पनि तीज गीतबाट प्रस्तुत गर्ने चलन रहेको थियो । पछिल्लो समय गीत सङ्गीतमा केही फेरबदल आए पनि पर्व गीतको मौलिकतामा रहेर निस्केका धेरै गीतहरू ओझेमा परेकाले त्यसको प्रवर्द्धन संरक्षणमा चासो दिनुपर्ने उहाँको भनाइ छ ।

अधिकारकर्मी विना सिलवाल परिवर्तित समयले तीजको महत्व र महिमामा केही फेरबदल आए पनि यस पर्वलाई महिला स्वतन्त्रता र सशक्तीकरणको पर्वको रूपमा मनाउनुपर्ने र भड्किलो प्रथालाई निरुत्साहित गर्नुपर्ने बताउनुहुन्छ । "हिजो स्रोत साधन र प्रविधिको अभावमा एउटा महत्व बोकेर तीज पर्व मनाइन्थ्यो । अब अहिले स्रोत साधन र प्रविधिले धेरैलाई नजिक बनाएको छ । यसका सकारात्मक कुरालाई अवलम्बन गर्दै र महिलामाथिको विभेद र हिंसालाई प्रश्रय दिने कुरालाई हटाउँदै जानुपर्छ ।"

धार्मिक सामाजिक एवं सांस्कृतिक महत्व बोकेको यस पर्व हिमालय पुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी व्रत बसेपछि उनको व्रत पूर्ण भएर महादेव श्रीमान् पाएको दिनलाई हिन्दु महिलाहरूले हरितालिका तीजको रूपमा मनाउँदै आएको पाइन्छ । भाद्र शुक्ला तृतीयाका दिन भगवान शिवको आराधाना गरेर नाचगान गरेर यो पर्व मनाउने परम्परा रही आएको छ ।

# उपचार गर्न हेलिकोप्टर चार्टर्ड

रासस
म्याग्दी, २४ भदौ

गण्डकी प्रदेशको राजधानी पोखरासँग धवलागिरिका चार जिल्लाको सडक यातायात सम्पर्कविच्छेद भएपछि जटिल अवस्थाका बिरामीलाई हेलिकोप्टर चार्टर्ड गरेर अस्पताल पुऱ्याउने गरिएको छ ।

मध्यपहाडी लोकमार्गको पोखरा-बागलुङअन्तर्गत पर्वतको डिमुवाबाट चुवाखण्डमा गत साता गएको पहिराले सडक अवरुद्ध बनाएपछि गम्भीर अवस्थाका बिरामीलाई हेलिकोप्टर चार्टर्ड गरेर अस्पताल पुऱ्याउने गरिएको हो । भिरबाट लडेर घाइते भएका मालिका गाउँपालिका-६ दरबाङका राहुल आचार्यलाई बुधबार हेलिकोप्टरबाट पोखरा लगिएको थियो । बेनी अस्पतालले पोखरा सिफारिस गरेकी एक गर्भवतीलाई पनि हेलिकोप्टरबाट नै लगिएको थियो ।

सिन्धुलीमा निधन भएकी बेनी नगरपालिका-७ की तारादेवी गिरीको शव दाहसंस्कारका लागि बेनी ल्याउन हेलिकोप्टर चार्टर्ड गरिएको परिवारका सदस्यले बताएका छन् । सडक अवरुद्ध हुँदा गम्भीर अवस्थाका बिरामीलाई धवलागिरि क्षेत्र बाहिरका अस्पताल पुऱ्याउन हेलिकोप्टर चार्टर्ड गर्नुपरेको बेनीका अनोद श्रेष्ठले बताउनुभयो ।

म्याग्दीमा बिरामी लैजान बुधबार र मङ्गलबार चार/चार पटक हेलिकोप्टरको प्रयोग गरिएको थियो । म्याग्दीबाट पोखरा पुग्न एकपटक हेलिकोप्टर चार्टर्ड गर्दा न्यूनतम रु एक लाख २० हजार खर्च गर्नुपर्छ । पहिरामा परेर पर्वतमा ११ जनाको मृत्यु भएको थियो । पर्वत खण्डको बिभिन्न ठाउँमा पहिराले विद्युत्, सडक र सञ्चारसँग सम्बन्धित पूर्वाधारमा ठूलो क्षति पुगेको छ । टावर ढलेपछि म्याग्दीको ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, पाँच मेगावाट क्षमताको घलेम्दीखोला, १३.६ मेगावाट क्षमताको थापाखोला र १० मेगावाटको मोदी-१ जलविद्युत् आयोजना बन्द हुँदा करोडौंको नोक्सानी भएको छ ।

सडक अवरुद्ध हुँदा बजार क्षेत्रमा तरकारी, निर्माण र इन्धनको अभाव भएको छ । म्याग्दीको लेकाली क्षेत्रमा उत्पादन भएको आलु सडक अभावका कारण पोखरालगायत सहरमा बिक्री गर्न लैजान सकिएको छैन । इन्धन अभावका कारण सार्वजनिक यातायात र विकास आयोजना प्रभावित भएका छन् । म्याग्दीमा छवटा जलविद्युत् आयोजना निर्माणाधीन छन् । चालु अवस्थामा रहेका बेनी-जोमसोम, बेनी-दरबाङ, मालढुङ्गा-बेनी सडक आयोजना पनि प्रभावित भएका छन् । मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतले चट्टानसहितको पहिरो र भासिएर अवरुद्ध बनेको सडक मर्मतको काम अन्तिम चरणमा पुगेको जनाएको छ । मोदीको पातीचौरबाट कुश्मातर्फ दुई, कुश्माबाट पातीचौरतर्फ दुई र बीचमा एकवटा स्काभेटर परिचालन गरेर सडक मर्मत भइरहेको छ ।

# गोर्खाको माग सम्बोधन गर्न प्रारम्भिक बैठक सम्पन्न

रासस
काठमाडौं, २४ भदौ

भूपू गोर्खाहरूले राख्दै आएको समान पेन्सनलगायत माग सम्बोधनका लागि बेलायत सरकारको सक्रियतामा बुधबार प्रारम्भिक बैठक सम्पन्न भएको छ ।

लण्डनस्थिति नेपाली दूताबासमा संयुक्त अधिराज्यका रक्षामन्त्री बेन वालेस र रक्षा राज्यमन्त्री लियो डोचेर्टी, संयुक्त अधिराज्यका लागि नेपाली राजदूत लोकदर्शन रेग्मी र भूपू ब्रिटिस गोर्खा संगठनबीचको बैठक सम्पन्न भएको हो । बैठकमा भूपू गोर्खाको माग सम्बोधनका लागि विगतमा भएको सहमति अनुरूप भूपू गोर्खाका प्रतिनिधि सम्मिलित नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच डिसेम्बर महिनादेखि शुरू हुने वार्ताको लागि समिति गठन, वार्ता समितिका शर्त एवं अन्य आवश्यक तयारीका विषयमा छलफल भएको नेपाली दूतावासले जनाएको छ ।

बैठकमा भूपू गोर्खा संगठनका तर्फबाट गोर्खा सत्याग्रह संयुक्त संघर्ष समितिका प्रमुख संयोजक कृष्णबहादुर राई, गेसोका सभापति कृष्णकुमार राई, बिजीडब्लीएसका अध्यक्ष टिकेन्द्र दल देवान, नेसाका अध्यक्ष केशबहादुर गुरूङ, गोर्खा पेन्सन इन्जस्टिक ग्रुपका अध्यक्ष उदयबहादुर गुरूङ, युबिजीनका अध्यक्ष राम राई, आमरण अनशनमा बस्नुभएका गोर्खा सत्याग्रहका तीन जना प्रतिनिधि ज्ञानराज राई, पुष्पा राणा घले र धनबहादुर गुरुङ, गोर्खा सत्याग्रहका प्रवक्ता जुद्धबहादुर गुरुङ एवं राजदूतावासका उपनियोग प्रमुख रोशन खनाल तथा सैनिक सहचारी रत्न बहादुर गोदारको उपस्थिति थियो ।

गत महिना गोर्खा सत्याग्रह संघर्ष समितिको पहलमा भएको आमरण अनसन तोड्दा बेलायत सरकारले गोर्खाहरुको मागका सम्बन्धमा नेपाल सरकार र गोर्खासमेतसँग वार्ता गर्ने प्रतिबद्धता गरेको थियो ।

डिसेम्बर महिनाभित्रै दुई देशबीचको वार्ता गर्ने र त्यसको तयार ीस्वरुप सेप्टेम्बर ८ मा पहिलो बैठक गर्ने सहमति त्यतिबेलै गरिएको थियो र सोही वाचाअनुरुप बुधबारको बैठक सम्पन्न भएको दूताबासले जनाएको छ ।

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न १७ सामुदायिक वनमा पोखरी निर्माण

पोखरापत्र संवाददाता
दमौली, २४ भदौ

डिभिजन वन कार्यालय तनहुँको अनुदान सहयोगमा जिल्लाका १७ सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ। वन्यजन्तुका लागि लक्षित गरी कार्यालयको अनुदान सहयोगमा गत आर्थिक वर्षमा विभिन्न १७ सामुदायिक वनमा पोखरी निर्माण गरिएको हो।

भानु नगरपालिकामा १२, देवघाट, ऋषिङ र बन्दिपुरमा एक/एक, म्याग्दे गाउँपालिकामा दुई वटा पोखरी निर्माण गरिएको डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो । मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि वनमा पोखरी निर्माण गरिएको उहाँको भनाइ छ। चितुवाको सबैभन्दा बढी आतङ्क रहेको भानुमा धेरै पोखरी निर्माण गरिएको छ। वनमा पानीको स्रोत मासिदै गएपछि घरछेउ पानी खोज्दै आउने वन्यजन्तुले मानिसलाई आक्रमण गर्न थालेपछि वन कार्यालयले पोखरी संरक्षण अभियान थालेको हो। "तनहुँमा केही वर्षयता चितुवाको बढी आतङ्क छ, जङ्गलमा पानीको स्रोत मासिँदै गयो, चितुवा पानी खोज्दै बस्ती पस्न थाल्यो," उहाँले भन्नुभयो, "जसकारण धेरै जनाले चितुवाको आक्रमणबाट ज्यान गुमाउनुपऱ्यो ।" मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि यो अभियानले सहयोग पुग्ने काफ्लेको भनाइ छ। १७ सामुदायिक वनमा पोखरी निर्माणका लागि कार्यालयले रु १४ लाख ८० हजार अनुदान दिएको छ। ११ वटा सामुदायिक वनलाई रु एक/एक लाख, पाँच वटा सामुदायिक वनलाई रु ५०/५० हजार र एउटा सामुदायिक वनलाई रु एक लाख ३० हजार सहयोग गरिएको छ।

कार्यालयका अनुसार भानुको देउराली, कालिका, सानो देउराली, मर्स्याङ्दी, भिमसेन थुम्की, मजुवा ओख्ले, लोहीपाखा, रातमाटे पत्थरेढुङ्गा, भानुभक्त, बेलथुम्की, तिलाहार, फ्राक्रीथुम्का, इन्द्रचेक, देवघाटको पालेथुम्की, बन्दिपुरको वार्से गह्रा ठकुरीडाँडा, म्याग्देको वाराही र ज्यानटाङ सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ।

वन कार्यालयले थालेको यो अभियानलाई कतिपय स्थानीय तहले पनि अग्रसरता लिएर आफैँले पोखरी निर्माण गर्न थालेका छन्। "प्रत्येक सामुदायिक वनभित्र पोखरी भइदिए वन्यजन्तु जङ्गलमै बस्ने र बस्तीसम्म आउँदैनथे," काफ्लेले भन्नुभयो, "यसले गर्दा मानव र वन्यजन्तुको द्वन्द्व पनि घट्छ।"

कार्यालयले गत आवमा मात्रै चितुवाको आक्रमणबाट क्षति भएकालाई रु १६ लाख राहत वितरण गरेको छ । गत आव चितुवाको आक्रमणबाट एक बालकको मृत्यु भएको थियो । कार्यालयले पीडित परिवारलाई रु दश लाख राहत उपलब्ध गराएको थियो। सोही अवधिमा जिल्लाका विभिन्न ठाउँमा चितुवाले थुप्रै पशु चौपाया मारेको थियो । क्षतिको मूल्याङ्कन गरी कार्यालयले पीडितलाई राहत वितरण गरेको छ। रु २१ लाख ८६ हजार ७०४ को क्षति मूल्याङ्कन गरिएकामा रु १६ लाख ५९ हजार १०४ वितरण गरिएको कार्यालयले जनाएको छ।

# महादेवको पूजा आराधना गरी मनाइयो हरितालिका (तीज)

रासस
काठमाडौं, २४ भदौ

भाद्र शुक्ल तृतीयाका दिनमा आज देवादिदेव महादेवको पूजा आराधना गरी हरितालिका (तीज) पर्व मनाइएको छ।

यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना भाइरसको सङ्क्रमणका कारण पशुपतिनाथ मन्दिर बन्द रहेको छ। मूल मन्दिर बन्द रहेपनि पशुपति क्षेत्रमा केही भक्तजन भने जम्मा भएका थिए। अन्य मन्दिर भने प्रायः खुलेको थियो। कोरोना जोखिमका कारण कतिपय बर्तालु महिलाले भने घरघरमै महादेवको पूजा आराधना गरी हरितालिका पर्व मनाएका छन्। राजधानीको उत्तरपूर्वी भेगका गोकर्णेश्वर र नागेश्वर मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो। यी दुवै मन्दिरमा स्वास्थ्य सुरक्षाका विधि अपनाएर भौतिक दूरी कायम गरी पूजा आराधना गर्ने व्यवस्था मिलाइएको थियो।

भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याण प्राप्ति हुने धार्मिक विश्वास छ। सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन्। पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए।

साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरिन्। यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत छ।

संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ। 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ। सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ। नारीले परिवारको अभिभावकका रूपमा प्रतिनिधित्व गरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरुषले पनि व्रत बस्ने गरेका छन्। यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो विभेदकारी व्रत परम्परा पनि तीज नभएको धर्मशास्त्रविद्हरुको भनाइ छ।

समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीहरुको मत छ। आत्मावादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन्। समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद्गतिका लागि तीजको व्रतको महत्व छ।

व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक, र काम्य गरी पाँच किसिमका छन्। तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ। तीजको व्रत हिन्दूधर्मावलम्बीका लागि मात्र नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थहरुमा उल्लेख गरिएको धर्मशास्त्रविद् नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो। प्राचीन कालमा पुरुषले घरबाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने प्रचलन बस्न थाल्यो।

महिलाले घरलगायत धर्मकर्मका काम गर्न थालेपछि व्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ। प्रायः घरमा धर्मकर्मका काम महिलाले नै गर्छन्। शास्त्रीयरूपमा महिला, पुरुष दुवैले हरितालिका (तीज) को व्रत गर्नुपर्ने भएपनि सामाजिक चर्चा भने महिलाले श्रीमान्को दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ। व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटा केटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको उहाँले सुनाउनुभयो।

हरितालिका पर्व समापनका अवसरमा केही मानिसले आज पूजा लगाउँछन्। आज पूजा नलगाउनेले भने भाद्र शुक्ल चौथीका दिन बिहान गोदान एवं पूर्णपात्र दान गरेर व्रत समापन गर्छन्। बुधबार राति दर खाएपछि औपचारिकरूपमा शुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ। तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ।

# दैलेखमा ग्यास र पेट्रोल भएको पुष्टि

-नवीन रिजाल
काठमाडौं, २४ भदौ

दैलेखमा ग्यास र पेट्रोल भएको पुष्टि गरिएको छ।

नेपाल र चीन सरकारबीच भएको सम्झौताअनुसार पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको सेस्मिक सर्भेको प्रतिवेदनले दैलेखमा ग्यास र पेट्रोल भएको पुष्टि गरेको हो। चिनियाँ प्राविधिक टोलीले खानी तथा भूगर्भ विभागलाई पठाएको प्रतिवेदनमा यहाँ ग्यास र पेट्रोल भएको पुष्टि गरेको बताइएको छ।

चिनियाँ टोलीले प्रतिवेदन पठाएपछि उत्खननका लागि थप प्रक्रिया अघि बढाइएको विभागका भूगर्भविद् डा. सुधीर रजौरेले बताउनुभयो। "सर्भे गरिएको स्थानमा ग्यास र पेट्रोल छ भन्ने प्रमाणित भयो", उहाँले भन्नुभयो, "अब कुन भू-भागमा कति परिमाणमा पेट्रोलियम पदार्थ वा ग्याँस छ भनेर अन्तिम सर्भे हुनेछ।" कोरोना भाइरस सङ्क्रमणको कारण देखाउँदै विज्ञ तथा प्राविधिकको टोलीलाई चीन सरकारले आउने अनुमति दिएको छैन। अहिले विज्ञ टोली चीनको प्राकृतिक स्रोत मन्त्रालयको अनुमति कुरेर बसेको उहाँको भनाइ छ। "चारवटा क्षेत्रमा गरिएको सर्भेको नतिजा सकारात्मक देखिएको छ", उहाँले भन्नुभयो, "टोली आउनासाथ धमाधम काम सुरु हुन्छ।" दुवै देशका सरकारबीच जीटुजी सम्झौताअनुसार काम सुरु भएकाले यसलाई निरन्तरता पाउने विभागले जनाएको छ। "विस्तृत सर्भे र ड्रिलिङको काम पनि अहिलेसम्म सकिन्थ्यो होला", भूगर्भविद् डा. रजौरेले भन्नुभयो, "कोभिडका कारण झन्डै डेढ वर्ष अन्वेषणको काममा ढिलाइ भएको छ।" दैलेखका विभिन्न ठाउँमा २०७६ असोजदेखि अन्वेषणको काम सुरु गरिएको थियो। विभागले श्रीस्थान, पादुका, कोटिला, दैलेख बजार तथा कर्णाली राजमार्ग आसपासका क्षेत्रमा ड्रिलिङको काम सकिएको जनाएको छ। करिब १० वर्षअघि पनि दैलेखमा बलेको ग्याँसकै कारण नेपालको कुनै भू-भागमा पेट्रोलियम पदार्थ हुनसक्छ भन्दै केही अन्तर्राष्ट्रिय कम्पनीले नेपालका विभिन्न १० वटा जिल्लामा अन्वेषण सुरु गरेका थिए। विभिन्न कारणले अन्वेषणका काम हुन नसकेपछि सरकारले सम्झौता रद्द गरेर चीनसँग नयाँ सम्झौता गरेको थियो। तत्कालीन समयमा ७२ लाख बढी अमेरिकी डलर खर्च गरिएको खानी तथा भूगर्भ विभागको तथ्याङ्कमा उल्लेख छ।

चार हजार मिटर ड्रिलिङ हुने

अन्वेषणको अन्तिम चरणमा जमिनमुनि चार हजार ५०० मिटर गहिरो ड्रिलिङ गरिने भएको छ। विभागले दिएको जानकारीअनुसार यही ड्रिलिङपछि मात्र कति परिमाणमा ग्याँस वा पेट्रोल छ भनेर थाहा हुनेछ। यो काम पहिलो सर्भे गरिएको कुनै स्थानभित्र हुनसक्छ, अहिले स्थान भन्न मिल्दैन खानी तथा भूगर्भ विभागले जनाएको छ। अन्वेषणको पछिल्लो प्रतिवेदनलाई आधार मान्ने हो भने दैलेखको कुनै भूभागभित्र ग्याँस वा पेट्रोल छ भनेर सहजै अनुमान गर्न सकिने देखिएको हो।

नेपाल र चीन सरकारले भने पेट्रोलियम पदार्थको उत्खननका लागि सन् २०१७ मा सम्झौता गरेको थियो। सोहीअनुसार विभिन्न चरणमा काम सुरु भइरहेका छन्।

कोरोनाको कारण रोकियो अन्तिम सर्वेक्षण

विभागका अनुसार काम सुरु भइरहेकै बेलामा कोरोना सङ्क्रमणको दर बढेपछि केही समस्या भएको छ। अन्तिम सर्वेक्षणका लागि प्राविधिक टोली र आवश्यक उपकरण ल्याउन समयमै सकिएको भए अहिलेसम्म अन्तिम नतिजा पनि आइसक्थ्यो। कोभिड सङ्क्रमणकै कारण झण्डै १८ महिना अन्वेषणको काममा ढिलाइ भएको छ।

# अन्तरदेशीय पेट्रोलियम पाइपलाइन : दुई वर्षमा तीन अर्ब बचत

रासस
काठमाडौं, २४ भदौ

नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएको दुई वर्ष पूरा भएको छ।

नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसनको सहयोगमा भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्मको ७९ किलोमिटर पाइपलाइन निर्माण गरेर २०७६ भदौदेखि पाइपलाइनबाट पेट्रोलियम पदार्थ भित्र्याउन सुरु गरेको हो। दुई वर्षको अवधिमा पाइपलाइनबाट एक अर्ब ६१ करोड लिटर डिजेल आयात गरिएको छ। आर्थिक वर्ष २०७६/७७ मा ४८ करोड ८५ लाख लिटर, आव २०७७/७८ मा एक अर्ब ३१ तथा चालू आवको हालसम्ममा १२ करोड ४४ लाख डिजेल आयात भएको निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेलले जानकारी दिनुभयो। निगमले सोही पाइपलाइनबाट दैनिक एक लाख ५० हजार किलोलिटर डिजेल आयात गर्दै आएको छ।

पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात गर्न थालेपछि ढुवानीबापत रु तीन अर्ब २३ करोड २२ लाख १६ हजार बचत भएको पौडेलले बताउनुभयो। पेट्रोलियम पदार्थको ढुवानी भाडा र प्राविधिक नोक्सानी कम हुँदा निगमले सो बराबरको बचत गर्न सकेको उहाँ बताउनुहुन्छ। परियोजना सञ्चालनमा आएपछि उपभोक्तामा पेट्रोलियम पदार्थ अभाव हुँदैन भन्ने अनुभूति भएको, ढुवानीकर्ताले खेप्नुपर्ने सास्ती हटेको र परियोजना समयमा सम्पन्न गरेर जी-टू-जी मोडलको सफल परियोजनाको रूपमा एउटा उदाहरण बन्न सफल भएको छ। अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजनाले निगमको प्राविधिक रुपान्तरणको प्रतिनिधित्व गरेको पौडेलको भनाइ छ। पेट्रोल र मट्टितेल पनि एउटै पाइपलाइनबाट ल्याउन निगमले प्रक्रिया थालेको छ। यसका लागि निगमले भारतीय आयल कर्पोरेसनकै सहयोगमा प्रक्रिया अघि बढाइसकेको छ। अहिलेसम्म पाइपलाइनबाट डिजेल मात्रै आयात हुँदै आएको थियो।

निगमको प्रदेश नम्बर २ प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रदीपकुमार यादव अबको डेढ वर्षमा एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल आउन सुरु हुने बताउनुहुन्छ। परियोजना सम्पन्न भएपछि पेट्रोलियम पदार्थ लिन भारततर्फ पुग्न नपर्ने उहाँको विश्वास छ।


## मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी, गण्डकी प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति गरिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७८/०५/२५

मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७८ भाद्र २१ गते बसेको बैठकको निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतको कृषि शाखामा रहेर कामकाज गर्ने गरी नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको संगठन संरचना र दरबन्दी विवरण अनुसार कृषि अधिकृत पद संख्या १(एक) करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवश्यक न्यूनतम योग्यताका कागजपत्रहरु सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| सि.न. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-२०७८/२०७९ | कृषि अधिकृत | अधिकृतस्तर छैठौं | १ (एक) | कम्प्युटर तथा तालिम प्राप्त एवम् अनुभवीलाई ग्राह्यता दिईने |

१) **आवश्यक न्यूनतम योग्यता :**
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा वि.एस्.सी.एजि (BSc. Ag) उत्तीर्ण गरेको हुनुपर्नेछ।
(ख) २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला आवेदकको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ।

२) **दरखास्त दिने स्थान र प्रक्रिया :**
(क) मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी।
(ख) आवेदक स्वयम उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगानाः malikamunmyagdi@gmail.com मा समेत पेश गर्न सकिनेछ।

३) **पेश गर्नुपर्ने कागजातहरु :** दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, (बिदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको हकमा नेपाली इक्विभ्यालेन्ट सर्टिफिकेट अनिवार्य हुनुपर्नेछ।), तालिम तथा अनुभव सँग सम्बन्धित प्रमाणपत्रहरु र कागजातका प्रतिलिपि, साथै सबै प्रतिलिपिमा आवेदक स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनि दस्तखत गरी प्रमाणित गरेको हुनुपर्नेछ। (ईमेल मार्फत आवेदन गर्न ईच्छुक आवेदकले सबै प्रतिलिपिको अगाडि पट्टि दस्तखत गरी स्क्यानीङ कागजपत्र पेश गर्नुपर्नेछ।

४) **आवेदन दस्तुर** : रु. १०००/- (एक हजार) यस कार्यालयको प्रभु बैंक लिमिटेड दरबाङ शाखा, म्याग्दीमा रहेको राजश्व खाता नं. ०७५०११०००४००१३२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

५) **करार अवधि** : अर्को निर्णय नभएसम्म बढिमा २०७९ आषाढ मसान्तसम्म।

६) **मासिक पारिश्रमिक र सुबिधा** : मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर छैठौं तहका कर्मचारीहरुले पाउँदै आएको शुरु तलव स्केल अन्य सुविधाहरुको हकमा निर्णयानुसार हुनेछ।

७) **छनौटको प्रकिया** : लिखित र अन्तरवार्ता परीक्षा।

८) **दरखास्त दिने अन्तिम मिति** : मिति २०७८/०६/२४ गते सम्म कार्यालय समय भित्र (उक्त दिन सार्बजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) रित नपुगी र म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

९) **दरखास्त फाराम प्राप्त गर्ने तरिका** : लोकसेवा आयोगको वेवसाईट www.psc.gov.np वा यस कार्यलयको वेवसाइट www.malikamunmyagdi.gov.np वा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

१०) परिक्षा मिति पछि तय गरिनेछ।

(**नोट** : परीक्षा मिति, परिक्षा पाठ्यक्रम र अन्य कुनै विषयमा द्विविधा भएमा वा अन्य जानकारी आवश्यक परेमा फोन नं. ०६९-४२००२२ मा सम्पर्क गर्न सकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत


# 'एशियाली मुलुकले सन् २०५० सम्ममा पानीको चरम सङ्कट भोग्नुपर्ने'

रासस
काठमाडौं, २४ भदौ

एशियाली मुलुकहरुले आगामी सन् २०५० सम्ममा पानीको चरम सङ्कट भोग्नुपर्ने अवस्था देखिएकाले त्यसतर्फ ध्यान दिन जरुरी रहेको बताइएको छ। फ्रेन्डसीप फोरम फर नेप्लिज जर्नालिस्ट (एफएफएनजे) ले आयोजना गरेको 'एशियाको जलस्रोतको उपयोगमा क्षेत्रीय सहयोग तथा नेपालको दृष्टिकोण' विषयक छलफल कार्यक्रममा विज्ञहरुले समयमै पानीको जोहो र व्यवस्थापन गर्ने विकल्प नखोजे हाहाकार हुने बताउनुभएको हो।

पुष्पलाल स्मृति प्रतिष्ठानका अध्यक्ष लोककृष्ण भट्टराईले हरेक मुलुकको अवधारणा सम्बन्धित व्यक्ति स्वयंले नै बनाउनुपर्ने बताउँदै इन्धनलगायत सोबाट चल्ने वस्तुको निषेध गरी विद्युतीय सामग्री प्रयोगमा जोड दिन आग्रह गर्नुभयो। जलस्रोतविज्ञ रतन भण्डारीले विश्वको दुई तिहाइभन्दा बढी भाग पानीले ढाकेको भए पनि ९७ प्रतिशत नुनिलो र बाँकी तीन प्रतिशतमा केवल दुई प्रतिशत हिउँ र हिमनदीका रूपमा रहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "भारतबाट बाढी नियन्त्रण र सिँचाइमा प्रयोग गरेको पानीको मूल्य लिन मुलुकले विगतमा गरेका कोशीका साथै गण्डक र महाकाली सम्झौताको तत्काल पुनरावलोकन गर्नुपर्ने देखिन्छ।" रुसका लागि पूर्वनेपाली राजदूत हिरण्यलाल श्रेष्ठले अबको तेस्रो विश्वयुद्ध पिउने पानीको हाहाकारमा मच्चिने धारणा राख्दै दक्षिण एशियामा पानीलाई समृद्धिको शताब्दी बनाउन चीनलगायतका मुलुकहरुसँग छलफल गरी अघि बढ्नुपर्ने बताउनुभयो। पूर्वजलस्रोत मन्त्री तथा विज्ञ दीपक ज्ञवालीले पानीलाई बजारिया स्रोत मात्रै नबनाएर रणनीतिक स्रोत बनाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "नेपालको ७० प्रतिशत पानी छिमेकी मुलुक भारत जाने भएकाले त्यसतर्फ विशेष ध्यान दिन जरुरी छ।" चीनका लागि पूर्वराजदूत टङ्क कार्कीले पुराना तौरतरिका र शैलीबाट मात्रै मुलुक नबन्ने बताउँदै सम्बन्धित व्यक्तिले जलस्रोतका क्षेत्रमा संवेदनशील र जिम्मेवार भएर लाग्नुपर्ने भनाइ राख्नुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सागरकुमार राईले सरकार राष्ट्रिय गौरवको योजनामा लागिरहेको चर्चा गर्दै मुलुकवासीमा बिजुलीबाट चल्ने वस्तुको प्रयोग बढाउन छलफल भइरहेको जानकारी दिनुभयो।